# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५ ] काठमाडौं मार्ग ६ गते २०१२ साल [ संख्या १२

### कानून विभाग

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्व-साधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ ।

### २०१२ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कमाण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम शाहबहादुर शाहबहादुरशमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# राजकीय अधिकार प्रत्यायोजना गर्ने ऐन

**प्रस्तावना**

हामी श्री ५ महाराजाधिराज मित्रराष्ट्र भारतवर्षको राष्ट्रपतिको विशेष निमन्त्रणामा केही अवधिको निमित्त भारततर्फ प्रस्थान गरिबक्सने भएकोले हाम्रो सवारी मुलुक बाहिर भई नफिर्किबक्सेसम्मलाई मुलुकको शान्ति सुव्यवस्था कायम राखी शासनसम्बन्धी दैनिक काम गर्ना निमित्त हाम्रा उत्तराधिकारी छोरा नाती श्री ५ युवराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको बाल्यावस्था भएकोले भाइ श्री ५ माहिला अधिराजकुमार हिमालयवीरविक्रम शाहदेवलाई राजकीय अधिकार प्रत्यायोजन गरी हाम्रो राज-प्रतिनिधि (रिजेन्ट) मुकरर गरिबक्सनालाई श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

[१] यो ऐनको नाम 'राजकीय अधिकार प्रत्यायोजन [डेलिगेशन] ऐन, २०१२' रहेको छ ।

[२] यो ऐन हामी श्री ५ महाराजाधिराजको सवारी मुलुक-बाहिर भएको मिति र समयदेखि नेपाल राज्यभर लागू भई हाम्रो सवारी नफिर्किउन्जेल कायम रहनेछ ।

**२. राजकीय अधिकार प्रत्यायोजनः**— हाम्रो अनुपस्थितिमा मुलुकको शान्ति सुव्यवस्था कायम राखी शासनसम्बन्धी दैनिक काम गर्ना निमित्त भाइ श्री ५ माहिला अधिराजकुमार हिमालयवीरविक्रम शाहदेवलाई राजकीय अधिकार प्रत्यायोजन गरी हाम्रो राज-प्रतिनिधि [रिजेन्ट] मुकरर गरिबक्सेको छ ।

**३. शपथ-ग्रहणः**— माथि दफा [२] बमोजिमको अधिभारा उठाउनु-भन्दा अगाडि हाम्रो वा हामीबाट यस कामलाई खटाइबक्सेको व्यक्तिको समक्षमा अनुसूचीमा लेखिएबमोजिमको शपथ ग्रहण गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. अधिकार घटाउने बढाउनेः— यस ऐनद्वारा दिइबक्सेको राजकीय अधिकार खारेज गर्ने, घटाउने बढाउने सम्पूर्ण अधिकार हामीमै राखिबक्सेको छ ।

५ विशेष छाप लालमोहर सदर हुनेः— हामीले विदेशबाट पठाइबक्सेको हुकुममा साथमा रहेका नमूनाबमोजिमका यसै दफाको पटकेमा लागेको विशेष छाप र बाहुली निशाना परेपछि लालमोहर भएसरह मान्यता दिइबक्सें ।

## अनुसूची

म.........................................

श्री ५ महाराजाधिराजबाट आज मलाई मुकरर गरिबक्सेको राज-प्रतिनिधिका हैसियतले श्री ५ महाराजाधिराज तथा मौसूफका उत्तराधिकारीहरू प्रति र देशका प्रचलित थिति रीति कानूनहरूप्रति पूर्णतया वफादार रही राजकीय अधिकार प्रत्यायोजन [डेलिगेशन] ऐन, २०१२ बमोजिम गर्नुपर्ने काम कामहरू इमान्दारीका साथ गर्नेछु भनी ईश्वर साक्षी राखी धर्म भाकदछु ।

इति संवत् २०१२ साल कार्तिक १६ गते रोज ७ शुभम् ।

आज्ञाले—
रत्नबहादुर बिष्ट
सेक्रेटरी—कानून तथा संसदीय प्रबन्ध विभाग.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।